दिपायल सिलगढी नगरपालिका

स्थानीय राजपत्र

वर्ष: ०२, अंक :०१ , संख्या : ०१, दिसिनपा, डोटी, स्थानीय राजपत्र,  भाग :०१    मिति २०७५ श्रावण १ गते मंगलबार

**भाग १**

**स्थानीय सरकार**

**दिपायल सिलगढी नगरपालिकाको सूचना**

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्बसाधारणको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७५ सालको ऐन नं. ०१**

# दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सञ्चितकोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरूकोलागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी,

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०७५ सम्झनुपर्छ ।
(ख) "कार्यपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।
(ग) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनुपर्छ ।
(घ) "सभा" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।
(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

## परिच्छेद- २
## सञ्चित कोषबाट विनियोजन सम्बन्धी व्यवस्था

२. **आर्थिक वर्ष २०७५।०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने** : (१) आर्थिक बर्ष २०७५।०७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूकालागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.**४६,६५,९१,०००।** (अक्षेरुपी

छयालिस करोड पैसट्ठी लाख एकानव्वेहजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त दिपायल सिलगढी नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका कार्यालय तथा वडा कार्यालय | ५,९९,६६,०००.०० | १३५४२१०००.०० | | १९,५३,८७,०००.०० | |
| २ | | सामाजिक सुरक्षा भत्ता | ५,७५,००,०००.०० | | | ५,७५,०००००.०० | |
| ३ | | विषयगत शाखा | १८,४१,००,०००.०० | २८००००००.०० | | २१,२१,००,०००.०० | |
| ४ | | बहुक्षेत्रिय पोषण कार्यक्रम | १६,०४,०००.०० | | | १६,०४,०००.०० | |
| **जम्मा** | | | ३०,३१,७०,०००.०० | १६,३४,२१,०००.०० | | ४६,६५,९१,०००.०० | |

**प्रमाणीकरण मिति :२०७५।०३।३२**

**आज्ञाले**
**भोजराज शर्मा**
**नि. प्रमुख प्रशासकीय अधिकृत**